# वार्षिक प्रतिवेदन

# ANNUAL REPORT

## आर्थिक वर्ष २०८२/८३

## Fiscal Year (2082/83)

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रदेश अस्पताल**

गोरखा,नेपाल

प्रकाशकः- प्रदेश अस्पताल गोरखा,नेपाल
प्रकाशन बर्षः- वि.सं.२०८३ साल असोज
लेखन तथा सम्पादनः- तिलक आचार्य (योजना तथा तथ्याङ्क शाखा प्रमुख)

वार्षिक प्रतिवेदनलाई थप प्रभावकारी बनाउन पाठकवर्गबाट प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियालाई महत्वपूर्ण आधारका रूपमा लिइन्छ। यस प्रतिवेदनसम्बन्धी कुनै सुझाव, प्रतिक्रिया वा सुधारका विषय भएमा प्रदेश अस्पताल गोरखा,नेपालको इमेलः docgorkhahospital@gmail.com मा लिखित रूपमा पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं। प्राप्त सुझाव तथा प्रतिक्रियालाई अस्पतालले सकारात्मक रूपमा ग्रहण गरी आगामी दिनमा सेवा प्रवाह तथा प्रतिवेदनको गुणस्तर अभिवृद्धिका लागि आवश्यकताअनुसार उपयोग गर्नेछ।

**अस्पतालका आवश्यक सम्पर्क नम्वरहरुः**

अस्पताल प्रशासनः ०६४-४२०९१८
मेडिकल सुपरिटेन्डेन्टः ९८५६०१०९१८
अस्पताल व्यवस्थापन समिति अध्यक्षः ९८५६०४०१०४
सूचना अधिकारीः ९८५६०४४४९७
अस्पताल व्यवस्थापन अधिकृतः ९८५६०१०९१९
एम्बुलेन्सः ९८५६०७१२०८
काउन्टरः ०६४-४२०२०८

# गण्डकी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

## प्रदेश अस्पताल

## गोरखा,नेपाल

फोन नं. ०६४-४२०९१८
इमेल : gorkhahospital@gandaki.gov.np



## अध्यक्षको भनाई

गोरखावासी नागरिकको स्वास्थ्यको क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याउँदै आएको प्रदेश अस्पताल, गोरखाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न पाउँदा अत्यन्त हर्षित भएको छु। यस प्रतिवेदनले अस्पतालबाट वर्षभरि प्रवाह गरिएका स्वास्थ्य सेवा, सम्पादित गतिविधि तथा हासिल भएका उपलब्धिहरूलाई समेट्दै आगामी कार्यदिशाका लागि समेत महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु। प्रदेश अस्पताल, गोरखाले विभिन्न चुनौतीका बीच गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न गरेको निरन्तर प्रयास प्रशंसनीय छ। भौतिक पूर्वाधारको विकास, उपलब्ध जनशक्तिको उचित परिचालन तथा सेवा प्रवाहमा आएको सुधारले अस्पतालप्रति नागरिकको विश्वास अभिवृद्धि हुँदै गएको छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा अस्पतालले पुऱ्याउँदै आएको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दै आगामी दिनमा यसको सेवा अझ प्रभावकारी र गुणस्तरीय बन्दै जानेछ भन्ने शुभेच्छा र विश्वास व्यक्त गर्दछु।सिमित जनशक्ति तथा स्रोत साधनका बाबजुद बिरामीको उपचारलाई प्राथमिकतामा राखी निरन्तर सेवा प्रवाह र विस्तार गर्न अस्पताल सफल भएको छ। यस कार्यमा योगदान पुऱ्याउनुहुने अस्पताल व्यवस्थापन समितिका सदस्यज्युहरु, अस्पताल प्रशासन, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, बुद्धिजीवी, समाजसेवी,सेवाग्राही तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

वि.सं. २०२९ साल चैत्र २४ गतेदेखि १५ शैयाबाट सेवा शुरू गरेको अस्पताल २०६९ साल भाद्र ८ गते ५० शैयामा स्तरोन्नति भयो। देश संघीयतामा गएपछि २०७४ साल देखि प्रदेश सरकार अन्तर्गत रही हाल प्रदेश अस्पताल अन्तर्गत सेवारत छ। अस्पतालले २०६९ सालमा स्तरोन्नति भएतापनि २०७२ को गोरखा महाभूकम्प, कोभिड-१९ को विश्वव्यापी महामारी जस्ता शताब्दीकै दुई ठूला महासङ्कटको बिच निर्माणाधीन पूर्वाधार, पुरानै दरबन्दी र

बेड सङ्ख्यामा पनि गोरखाका जनतालाई सेवा दिंदै गर्दा गोरखामा अस्पतालको भौतिक पूर्वाधार कस्तो हुनुपर्छ र सेवालाई विस्तार गर्नुपर्ने आवश्यकता खड्केको कुरा गोरखावासी सम्पूर्णले महसुस गरेको कुरा हो। हाल प्रदेश अस्पताल गोरखा यी सबै आवश्यकतालाई पूरा गर्दै आधुनिक प्रविधिमा आधारित विशेषज्ञ सेवालाई प्रदेशमै उत्कृष्ट बनाउँदै लैजाने यात्रामा रहेको कुरा जानकारी गराउँदै यस कार्यमा सफल हुनेछौं भन्ने विश्वास राखेका छौं। यस अस्पतालको भौतिक तथा सेवा सम्बन्धी प्रगति अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा उल्लेख भैसकेका छन्। आ.व. २०८२/०८३ मा निम्न कार्यहरूलाई सम्पन्न गरी सेवा सञ्चालनमा आएका छन्।

**क) भौतिक निर्माण तर्फः**

१) इमर्जेन्सी अगाडिको भागमा भुइँमा निर्माण,

२) आयुर्वेद थेरापी कक्षको निर्माण सम्पन्न,

**ख) सेवा विस्तार तर्फः**

१) इण्डोस्कोपी सेवा सञ्चालन

२) ल्याब सेवामा १७ थरीका नयाँ परीक्षण थप गरी परीक्षण शुरू,

३) हेमोडायलायसिस सेवा ७ मेशिनबाट २ मेशिन थप र अबेर रात्री सेवा सञ्चालन गरी सेवा सञ्चालन गरिएको,

४) ओ.पि.डी. सेवा बिहान ८ बजे देखिनै सञ्चालनमा ल्याइएको,

५) फार्मेसी सेवा विस्तार गरी इनडोर र ओ.पि.डी. को लागि छुट्टै फार्मेसी सञ्चालनमा ल्याइएको,

६) नाक, कान, घाँटी र मनोरोग ओ.पि.डी. मासिक १ दिन सञ्चालन हुँदै आएकामा विशेषज्ञ चिकित्सकको व्यवस्था गरी नियमित दैनिक सञ्चालनमा ल्याइएको,

७) आधारभूत स्वास्थ्य सेवालाई थप सहज र सेवामुखी बनाउन गोरखा नगरपालिकाको सहयोगमा छुट्टै चिकित्सक र प्यारामेडिक्सको व्यवस्था गरी आधारभूत स्वास्थ्य सेवा ओ.पि.डी. सञ्चालन गरिएको,

८) अस्पतालमा पोष्टमार्टम ल्याइएका बिरामीको पोष्टमार्टममा कुनै खर्च पनि खर्च नलाग्ने पूर्ण रूपमा सामान तथा खरिद हुनुपूर्व नै निःशुल्क व्यवस्था गरिएको,

९) आयुर्वेद थेरापी सञ्चालनमा ल्याइएको,

**ग) जनशक्ति व्यवस्थापनः**

१) २०७९ श्रावण देखि NSI सँग सम्झौता सकिएको हब अस्पतालको सम्झौता सकिए पश्चात NSI तर्फका कार्यरत १९ जना कर्मचारी गए सँगै प्रदेश सरकार र व्यवस्थापन समितिबाट अस्पतालमा जनशक्ति व्यवस्थापन गरी हाल अस्पताललाई आफ्नै क्षमतामा सञ्चालनमा ल्याइएको,

२) मासिक विशेषज्ञ सेवा सञ्चालनको लागि छालारोग विशेषज्ञबाट सेवा प्रदान,

३) नयाँ O&M गरी आवश्यकता अनुसारको दरबन्दी थप गरिएको,

**घ) कर्मचारीको सुरक्षा र उत्प्रेरणाः**

१) व्यवस्थापन समिति तर्फका सम्पूर्ण कर्मचारीको तलबमान न्यून रहेकोमा हालको महङ्गीलाई मध्यनजर गर्दै पारिश्रमिक पुनरावलोकन समितिले सिफारिस गरे अनुसार तलबमान वृद्धि गरिएको,

२) अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको स्वास्थ्य बिमा साझेदारीमा अस्पताल व्यवस्थापन समितिले कुल प्रिमियम रकममा ५०% अस्पताल र ५०% कर्मचारीले व्यहोर्ने गरी स्वास्थ्य बिमा अनिवार्य गरिएको,

३) योग, ध्यान र सकारात्मक सोच सम्बन्धी तालिम र कार्यक्रम सञ्चालन गरिएको,

**ङ) अस्पताल सुरक्षा र सौन्दर्यकरणः**

१) अग्नि सुरक्षा तालिम र अस्पतालको अग्निनियन्त्रण प्रणालीको परीक्षण अभ्यासमा सम्पूर्ण कर्मचारीलाई सहभागी गराई अभ्यास गराएको,

२) अस्पताल सौन्दर्यकरणको लागि दैनिक सरसफाई, साप्ताहिक सामूहिक सरसफाई र गमला तथा बगैंचा निर्माण कार्यलाई नियमित गरिएको,

३) सेवाग्राहीलाई बस्न पर्याप्त फर्निचर व्यवस्थापन गरिएको,

**बाँकी रहेका तथा अघि बढेका कार्यहरू:**

१) मेडिकल आइसियु (ICU) सञ्चालनमा ल्याउने,

२) एनआइसियु (NICU) सञ्चालनमा ल्याउने,

३) डिजिटल भुक्तानी प्रणाली सेवा सञ्चालनमा ल्याउने,

४) CT Scan खरिद प्रक्रिया अगाडि बढाउने,

५) अस्पताल ५० शैयाबाट १०० शैयामा स्तरोन्नतिका लागि प्रतिवेदन तथा गुरुयोजना तयार गर्ने,

६) जग्गा प्राप्तिका लागि विभिन्न सामाजिक व्यक्तित्वसँग समन्वय गरिएको,

अन्तमाःअस्पतालका सेवाको गुणस्तर बढाउन र सेवाग्राही मैत्री अस्पताल बनाउन अस्पताल प्रयत्नशील छ र यसमा सम्पूर्ण सरोकारवाला निकाय, राजनीतिक नेतृत्वबाट प्राप्त सहयोग प्रति धन्यवाद व्यक्त गर्दै प्रतिवेदन अध्ययन गरी सकारात्मक सुझाव र रचनात्मक सहयोगको अपेक्षा गर्दछौं। साथै आगामी वर्षमा पनि अस्पतालले बढ्दो सेवा र सुविधालाई समेट्दै यो भन्दा उच्च स्तरको वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै जाओस् भन्ने कामना सहित अस्पतालको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

**कृष्ण ढकाल**

**अस्पताल व्यवस्थापन समिति अध्यक्ष**

**प्रदेश अस्पताल गोरखा,नेपाल**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
गोरखा,नेपाल

फोन नं. ०६४-४२०९१८
इमेल : gorkhahospital@gandaki.gov.np



# मेरो भनाई

प्रदेश अस्पताल, गोरखाले नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने आफ्नो मूल दायित्वलाई प्राथमिकतामा राख्दै स्वास्थ्य सेवाको विस्तारसँगै सुशासनका क्षेत्रमा समेत महत्वपूर्ण सुधार गर्दै आएको कुरा जानकारी गराउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदनमा समेटिएका सूचना तथा तथ्याङ्कले अस्पतालको पारदर्शिता, नागरिकप्रतिको जवाफदेहिता, जिम्मेवारी तथा उत्तरदायित्वलाई थप स्पष्ट र सुदृढ बनाएको छ। जनसरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने यस्ता सार्वजनिक संस्थाप्रति नागरिकको चासो र अपेक्षा बढ्नु स्वाभाविक हो।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश अस्पताल, गोरखाले गोरखा तथा छिमेकी जिल्लाका नागरिकलाई लक्षित गर्दै निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न सफल भएको छ। यस महत्वपूर्ण यात्रामा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, सरोकारवाला निकाय तथा सेवाग्राहीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। अस्पताललाई वर्तमान अवस्थासम्म ल्याउन सबैको समान योगदान, समर्पण र सहकार्य रहेको तथ्यलाई यस अवसरमा विशेष रूपमा स्मरण गर्न चाहन्छु।गत वर्ष अस्पतालले आधारभूत स्वास्थ्य सेवादेखि विशेषज्ञ स्वास्थ्य सेवासम्मको दायरा विस्तार गर्न महत्वपूर्ण सफलता हासिल गरेको छ। स्वास्थ्य सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने उद्देश्यले डिजिटल तथ्याङ्क प्रणाली (EMR) को कार्यान्वयन, आन्तरिक व्यवस्थापनमा सुधार, प्रयोगशाला तथा इमेजिङ सेवाको सुदृढीकरण, आपतकालीन तथा शल्यक्रिया सेवाको विस्तारलगायतका महत्वपूर्ण कार्यहरू सम्पन्न भएका छन्। साथै, विभिन्न सहयोगी निकायहरू, विशेषतः प्रदेश सरकार, स्थानीय तह, संघीय निकाय

तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूबाट प्राप्त सहयोग र सहकार्य पनि अस्पतालको प्रगतिको महत्वपूर्ण आधार बनेको छ।

यसैगरी, यस आर्थिक वर्षमा अस्पतालबाट उल्लेखनीय संख्यामा बिरामीलाई उपचार तथा स्वास्थ्य सेवा प्रदान गरिएको तथ्याङ्कले अस्पतालप्रति नागरिकको विश्वास निरन्तर अभिवृद्धि हुँदै गएको र अस्पताल उन्नतिको दिशामा अघि बढिरहेको स्पष्ट गर्दछ। स्वास्थ्य सेवा प्रवाहका क्रममा विभिन्न चुनौतीहरू विद्यमान रहे तापनि सबैको संयुक्त प्रयास, समर्पण र प्रतिबद्धताबाट उत्पन्न चुनौतीहरूको प्रभावकारी रूपमा सामना तथा व्यवस्थापन गर्दै अस्पताल निरन्तर अगाडि बढिरहेको छ।

अन्त्यमा, आगामी दिनमा अझ गुणस्तरीय, सर्वसुलभ, पहुँचयुक्त तथा सेवाग्राहीकेन्द्रित स्वास्थ्य सेवा प्रवाह गर्न प्रदेश अस्पताल, गोरखा प्रतिबद्ध रहेको कुरा व्यक्त गर्न चाहन्छु। यस यात्रालाई थप सफल र प्रभावकारी बनाउन सम्पूर्ण सरोकारवालाहरूको निरन्तर साथ, सहयोग, समन्वय तथा मार्गदर्शन अपरिहार्य रहनेछ। अस्पताललाई अझ उन्नत, सक्षम र विश्वासिलो स्वास्थ्य संस्थाका रूपमा स्थापित गर्दै उच्चतम उपलब्धितर्फ अग्रसर गराउन हामी सबै एकजुट भई अघि बढ्ने दृढ विश्वास लिएको छु।

**डा.शम्भु अधिकारी**
**निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट**

# अस्पताल व्यवस्थापन समितिका पदाधिकारी



श्री कृष्ण ढकाल
अध्यक्ष



श्री ऋषिराम खत्री (कार्यापालिका सदस्य)
सदस्य



श्री सानुकाजि वन्त
सदस्य



श्री बिद्या मास्के
सदस्य



श्री चुडानिधी तिवारी(प्र.अ.)
सदस्य



श्री पवित्रा बुर्लाकोटी(कोष नियन्त्रक)
सदस्य



डा.गेहेन्द्र भुषाल (क.रेडियोलोजिष्ट)
सदस्य



श्री प्रश्नना तामाङ्ग(नर्सिङ प्रमुख)
सदस्य



डा.शम्भु अधिकारी (नि.प्र.मे.सु.)
सदस्य सचिव

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रदेश अस्पताल**

गोरखा,नेपाल

## सूचना अधिकारी



**श्री चन्द्र बहादुर खत्री**

**पद : फिजियोथेरापिस्ट**

**सम्पर्क नं.:९८५६०४४९७**

**इमेल:info.gorkhahospital@gmail.com**

## बिषय सूची


१.पृष्ठभूमी तथा परिचय........................................................................१

१.१ गोरखा जिल्ला संक्षिप्त परिचय........................................................१

१.२ प्रदेश अस्पताल गोरखा,नेपाल..........................................................३

१.३ संगठनात्मक संरचना.........................................................................६

२.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको विवरण.....................................९

२.१ उपचारात्मक सेवा...........................................................................९

२.२ सामाजिक सेवा एकाइ अन्तरगत नि:शुल्क स्वास्थ्य सेवा............................ २८

२.३ फिजियोथेरापी सेवा....................................................................... २९

२.४ परिवार नियोजन सेवा..................................................................... ३१

३.अस्पतालबाट प्रवाहित अन्य विविध सेवाहरु.............................................. ३१

४.प्रदेश अस्पताल, गोरखाका नविनतम अभ्यासहरु........................................ ३५

५.अस्पतालको वर्तमान अवस्था बिश्लेषण तथा भावी कार्ययोजना.............................. ४०

५.१ अस्पतालका सबल पक्षहरू.................................................................४०

५.२ अस्पतालका प्रमुख समस्याहरू...........................................................४०

५.३ अस्पतालका प्रमुख चुनौतीहरु...........................................................४१

५.४ अस्पतालका वर्तमान अवसरहरु...........................................................४१

५.५ अस्पतालको भावी कार्ययोजना...........................................................४१

# १.पृष्ठभूमी तथा परिचय

## १.१ गोरखा जिल्ला संक्षिप्त परिचय

### क.पृष्ठभूमी

वि.सं. १६१६ मा राजा द्रव्य शाहबाट गोरखा राज्यको स्थापना भएको हो।गोरखा बासीहरुका आराध्य देवता योगी गोरखनाथको नामबाट वा गाईको रक्षा गौ रक्षा गरिने ठाउँ भएकाले यही आधारमा यसको नाम गोरखा रहेको भन्ने भनाइ छ । यहाँबाट नै नेपाल राज्यको निर्माण एकीकरण सूत्रपात भएको हो ।गोरखा जिल्ला राष्ट्र निर्माता पृथ्वीनारायण शाह, नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापा र पहिलो राणा प्रधानमन्त्री जंगबहादुर राणा तथा पहिलो शहिद लखन थापा जस्ता ऐतिहासिक व्यक्तिहरुको जन्मस्थान पनि हो।ऐतिहासिक रुपमा महत्वपूर्ण रहेको यस ठाउँको नामबाट हामी नेपाली विश्वमा वीर गोर्खालीको नामबाट चिनिने र गौरवान्वित हुने गर्दछौं।गोरखा गण्डकी प्रदेशमा अवस्थित एक जिल्ला हो ।यो हालको संरचना अनुसार गण्डकी प्रदेशको ११ जिल्ला मध्ये ऐतिहासिक,धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण एक जिल्ला हो।

### ख.भौगोलिक अवस्था

भौगोलिक रुपमा मध्यपहाडी देखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको जैविक विधिताले सम्पन्न जिल्ला हो।यसको क्षेत्रफल ३६१० वर्ग किलोमिटर छ ।समुद्र सतहदेखि २२८ मिटरदेखी ८१६३ मिटरसम्म उचाईमा अवस्थित यो जिल्ला २७°१५' देखी २८°१७' अक्षांश र ८४°२७' देखि ८४°५८' देशान्तरमा फैलिएको छ।यस जिल्लामा उष्ण समशितोष्ण शितोष्ण लेकाली र हिमाली हावापानी पाइन्छ ।

### ग.हावापानी

यो जिल्ला सामान्यतया मनसुनी क्षेत्रभित्र पर्दछ।यहाँको मनसुन जेठमा सुरु भई असोजमा समाप्त हुन्छ । हिउँदमा पश्चिमी वायुले हल्का वर्षा गराउँछ र यो वर्षा नगण्य नै हुन्छ। हिमाली प्रदेश ,पहाडी प्रदेश ,बेंसी टार आदी भौगोलिक विभिन्नताले गर्दा यहाको हावापानी एकनासको पाईंदैन।लार्के भोटमा बाह्रैमहिना जाडो भइरहुन्छ भने टार बेंसीमा प्राय गर्मी हुने गर्दछ । वर्षभरीको मौरमी अवस्थालाई अवलोकन गर्दा यहाको हावापानीलाई निम्न भागमा बाँड्न सकिन्छ ।

- ग्रिष्मकालीन अवस्था
- हिउँदे अवस्था

त्यसैगरी उचाइ अनसार हावमपानी को विवरण ५ भागमा बाँड्न सकिन्छ ।

- अतिशित प्रधान हिमाली हावापानी

- शित प्रधान लेकाली हावापानी
- शितोष्ण हावापानी
- न्यानो शितोष्ण हावापानी
- अर्धउष्ण हावापानी

**घ.जिल्ला सिमाना**

- पूर्व: धादिङ जिल्ला र तिब्बत
- पश्चिमः तनहुँ जिल्ला, लमजुङ जिल्ला, मनाङ जिल्ला र तिब्बत
- उत्तरः तिब्बत
- दक्षिणः चितवन जिल्ला, तनहुँ जिल्ला र धादिङ जिल्ला

**ङ.राजनैतिक एवंम् प्रशासनिक विभाजन**

- प्रदेशः गण्डकी
- जिल्लाः गोरखा
- सदरमुकामः गोरखा बजार
- नगरपालिका संख्याः २
- गा.पा. संख्याः ९

**च.भौगोलिक स्थिति**

- कुल क्षेत्रफलः३६१० वर्ग किलोमिटर
- समुद्री सतह देखिको उचाईः २२८ मिटरदेखी ८१६३ मिटरसम्म
- आक्षांसः २७ °१५' देखी २८ °१७'
- देशान्तरः ८४ °२७' देखी ८४ °५८'
- मौसमी अवस्था
- औषत वर्षाः २५४.८७ मि.मि
- न्यूनतम तापक्रमः ११० से.
- अधिकतम तापक्रमः ३१० से.
- हावापानीः नेपालमा पाईने पाँचै किसिमका हावापानी

**छ.पर्यटकीय क्षेत्र**

नेपाल एकीकरणको ऐतिहासिक थलोको रुपमा रहेको गोरखा जिल्ला ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदाले भरिपूर्ण जिल्लाको रुपमा रहेको छ। तसर्थ यस जिल्ला विभिन्न स्वदेशी तथा विदेशी पर्यटकहरुको गन्तव्य स्थानको रुपमा विकास हुँदै गएको छ। ऐतिहासिक गोरखा दरबार, प्रसिद्ध मनकामना मन्दिर, विश्वको आठौं अग्लो चुचुरो मनासलु हिमाल लगायतका स्थानहरुले यहाँको पर्यटकीय महत्वलाई अझ व्यापक बनाएको छ।

### व्यापारिक केन्द्रहरु

जिल्ला भित्रका उत्पादित एवम् आयातित वस्तु तथा सेवाको व्यापारका लागि गोरखा बजारनै यस जिल्लाको प्रमुख केन्द्र रहेता पनि आरुघाट, छेबेटार, पालुङटार, भच्चेक बजार जस्ता स्थानहरुमा सेवा तथा वस्तुको किनबेच हुने गर्दछ।

- जनसंख्या विवरण (२०७८)
- कुल जनसंख्याः २,५२,२०१
- पुरुष संख्याः १,१९,८११
- महिला संख्याः १,३२,३९०
- जनघनत्वः ७०/वर्ग किलोमिटर
- वार्षिक जनसंख्या वृद्धिदरः -०.६९%

## १.२ प्रदेश अस्पताल गोरखा,नेपाल

### क.परिचय

गण्डकी प्रदेश गोरखा जिल्ला गोरखा न.पा ६ गोरखामा अवस्थित प्रदेश अस्पताल, गोरखा प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको एक स्वास्थ्य सेवा प्रदायक संस्था हो। यो अस्पताल यस जिल्ला वरिपरिका अन्य अस्पतालको रेफरल अस्पतालको रुपमा पनि रहेको छ। १९ रोपनी क्षेत्रफलमा फैलिएको प्रदेश अस्पताल, गोरखाले स्थानीय समुदायका सेवाग्राहीहरुलाई न्युन शुल्क, आंशिक वा पूर्ण छुटमा सर्वसुलभ एवम् गुणस्तरीय सेवा, उपचारात्मक, प्रतिकारात्मक र प्रवद्र्धनात्मक सेवा प्रदान गर्दै आईरहेको छ। यस अस्पतालले विशेषज्ञ डाक्टरको उपलब्धता तथा गुणस्तरीय सेवा प्रवाहका कारण जिल्लाको प्रमुख तथा जिम्मेवार स्वास्थ्य संस्थाको रुपमा जिल्लाभरका सम्पूर्ण स्वास्थ्य संस्थाको प्रेषण केन्द्रको रुपमा समेत कार्य गर्दछ।

### ख प्रदेश अस्पताल,गोरखा विकासक्रम

गोरखा जिल्लामा वि.स. २०२२ सालमा प्राथमिक स्वास्थ्य केन्द्र हुँदै वि.सं. २०२९ बाट १५ शैयाको यो अस्पताल वि.सं. २०६९ साल देखि ५० शैयामा स्तरोन्नति भएको थियो। २०७२ सालको विनासकारी भुकम्प पश्चात् भौतिक रुपमा निकै कमजोर बनेको यस अस्पताल नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा जर्मन संस्था KFW को पूर्ण सहयोगमा सुविधा सम्पन्न चार तल्ले भवन निर्माण भई वि.सं.२०७८ साल मंसिरबाट उक्त भवन मार्फत सेवा दिँदै आईरहेको छ। गत आ.व.मा यस अस्पताल निक साइमन इन्सटिच्युटको हब अस्पताल पनि थियो। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको यस प्रदेश अस्पताल, गोरखा संघीय संरचना अनुसार २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात् करिव १ वर्ष गोरखा नगरपालिका मातहतमा र सो पश्चात् गण्डकी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गत रहेकोमा हाल प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश मातहतमा रहेको छ।

## ग. प्रदेश अस्पताल, गोरखा प्राथमिकता तथा लक्ष्यहरू

**दीर्घकालीन सोचः**

- स्वास्थ्य, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक सेवा निर्माणमा सघाउ पुऱ्याउने ।

**लक्ष्यः**

- सवल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्यहरुः**

- उपलब्ध स्रोत तथा साधनको अधिकतम उपयोग गरी स्वास्थ्य सेवाहरुको विकास र विस्तार गर्ने ।
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाका लागि यस अस्पतालको उत्तरदायित्व र प्रभावकारीता अभिवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई जनउपयोगी तथा सेवामूलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्ने ।
- स्वास्थ्य सेवामा पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वास्थ्य जिवनशैली प्रवद्र्धन गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी स्वास्थ्य क्षेत्रमा सरकारले लिएका अठोट एवंम दिगो विकासका लक्ष्य प्राप्त गर्न सरकारलाई सघाउ पुऱ्याउने ।

**प्राथमिकताका आधारहरुः**

१. लक्षित वर्ग सहायता कार्यक्रमहरु

२. अस्पताल सेवा व्यवस्थापन गर्ने

३. प्राविधिक तथा अप्राविधिक जनशक्तिको विकास विस्तार गर्ने

४. भौतिक निर्माण सुधार गर्ने

५. जनआकांक्षा अनुरुप सेवा प्रवाह गर्ने

६. सरसफाई व्यवस्थापनमा विशेष जोड दिने

७. सुरक्षा व्यवस्थापन गर्ने

८. अस्पतालको स्वास्थ्य अभियानमुलक कार्यक्रमहरु संचालन गर्ने आदि

## घ. मुलभूत मान्यता

- ईमान्दारीता

- जवाफदेहिता / उत्तरदायी
- बिरामीप्रति नरम र शिष्ट व्यवहार, सम्मान, सेवा भाव
- पारदर्शिता
- समूह कार्य

## ङ. अस्पतालको भौतिक पूर्वाधार

| Block | शाखा | | | |
|---|---|---|---|---|
| A | आकस्मिक कक्ष | | | |
| B | एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC), फिजियोथेरापी तथा पुनस्थापना शाखा, र ल्याब शाखा | | | |
| C | गोरखा बजार आयुर्बेद औषधालय, संस्थागत क्लिनिक(MCH) | | | |
| D | **भुँई तल्ला** | **पहिलो तल्ला** | **दोस्रो तल्ला** | **तेस्रो तल्ला** |
| | टिकट काउन्टर | ओ. पि. डि. | अन्तरङ्ग बिभाग | प्रशासन शाखा |
| | स्वास्थ्य बिमा | जनरल ओ. पि. डि. | | लेखा शाखा |
| | फार्मेसी | मनोचिकित्सक ओ. पि. डि. | आई सि यू | स्टोर शाखा |
| | स्त्री तथा प्रसुति रोग ओ. पि. डि. | जनरल सर्जरी ओ. पि. डि. | | मेडिकल रेकर्ड शाखा |
| | भिडियो एक्स-रे | बालरोग ओ. पि. डि. | | मेट्रोन कक्ष |
| | इन्डोस्कोपी | डेन्टल ओ. पि. डि. | | सभा हल |
| | क्षयरोग, कुष्ठरोगको औषधी बितरण कक्ष | शल्यक्रिया कक्ष | | अस्पताल व्यवस्थापन समिति कक्ष |
| | ए. आर. टि. शाखा | ई. सि. जि. कक्ष | | |
| | Biomedical Lab | ड्रेसिङ्ग ओ. पि. डि. | | पुस्तकालय |
| | एक्स-रे | आँखा उपचार कक्ष | | |
| | सामाजिक सेवा एकाई | | | |
| | प्रसुति कक्ष | | | |
| | सुरक्षित गर्भपतन | | | |
| E | डायलायसिस शाखा, लुगा धुने कक्ष | चमेना गृह | | |
| अन्य भबनहरु | मे.सु.निवास, विशेषज्ञ चिकित्सक निवास, चिकित्सक निवास, पारामेडिक्स निवास, फोहोरमैला व्यवस्थापन भबन, पोस्टमार्टम कक्ष | | | |

## च. अस्पतालका सेवाहरु

### २४ सै घण्टा सेवा

- आकस्मिक कक्ष
- ल्याब
- एक्स रे
- फार्मेसी
- सामाजिक सेवा एकाई
- एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)
- मेडिको लिगल सेवा
- ई.सी.जी.
- टिकट काउन्टर
- स्वास्थ्य विमा
- अन्तरंग विभाग
- आई.सि.यू.
- प्रसुती सेवा

### बहिरंग सेवा तर्फ

- जनरल ओ.पि.डि
- स्त्री तथा प्रसुति रोग ओ.पि.डि
- बालरोग ओ.पि.डि
- जनरल सर्जरी ओ.पि.डि
- अर्थोपेडिक ओ.पि.डि.
- मनोचिकित्सक ओ.पि.डि
- नसर्ने रोग ओ.पि.डि
- डेन्टल ओ.पि.डि
- एक्स रे
- आँखा रोग ओ.पि.डि
- नाक,कान घाँटी ओ.पि.डि
- फिजियोथेरापि तथा पुर्नस्थापना ओ.पि.डि
- ए.आर.टी
- भिडियो एक्सरे
- ड्रेसिङ्
- डायलाइसिस
- डट्स—क्षयरोग, कुष्ठरोगको औषधी वितरण

### अन्य सेवाहरु

- सुरक्षित गर्भपतन
- परिवार नियोजन सेवा

## १.३ संगठनात्मक संरचना

मेडिकल सुपरिटेन्डेण्ट अस्पताल प्रमुख रहने प्रदेश अस्पताल, गोरखामा जम्मा ५९ स्थायी कर्मचारीहरुको स्विकृत दरबन्दि रहेको छ, जसमा हाल उपलब्ध स्थायी कर्मचारी ३२ जना छन् भने दरबन्दी अनुसार मेडिकल सुपरिटेन्डेण्ट पद रिक्त रहेकोले हाल अस्पतालमा कार्यरत स्थायी कन्सल्टेन्ट एनेष्थेयोलोजिष्ट डा.शम्भु अधिकारीले अस्पताल प्रमुखको सम्पूर्ण जिम्मेवारी वहन गरिरहनुभएको छ ।




## बर्तमान स्थिति

| क्र स | पद | तह वा श्रेणी | सेवा समूह | स्विकृत दरबन्दि | पदपुर्तिको अवश्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | पदपुर्ति | रिक्त | |
| १ | प्रमुख मेडिकल सुपरिटेण्डेण्ट | एघारौ | नेपाल स्वास्थ्य | १ | 0 | १ | |
| २ | ब. /कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | 0 | १ | |
| ३ | ब. /कन्सल्टेन्ट अब्स एन्ड गाइनोकोलोजिष्ट | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| ४ | ब./ कन्सल्टेन्ट सर्जन | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| ५ | ब. /कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | अध्ययन बिदा |
| ६ | ब. /कन्सल्टेन्ट साईक्याट्रिष्ट | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | १ | |
| ७ | ब. /कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | |
| ८ | ब./ कन्सल्टेन्ट जनरल फिजिसियन | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | |
| ९ | ब. /कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौं / दशौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | |
| १० | मेडिकल अधिकृत | आठौं | नेपाल स्वास्थ्य | ४ | 0 | ४ | |
| ११ | डेण्टल सर्जन | आठौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | |
| १२ | ब./ फिजियोथेरापिष्ट | सातौं/आठौं | नेपाल स्वास्थ्य | १ | १ | 0 | |
| १३ | ब./मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौं/आठौं | नेपाल स्वास्थ्य | १ | १ | ० | तलबी अध्ययन बिदा |
| १४ | ब./ नर्सिक अधिकृत | सातौं/आठौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | ब./मेडिकल रेकर्ड सुपरभाइजर / निरीक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| १६ | ब./ल्याब टेक्निसियन/नि. | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | ३ | ३ | 0 | |
| १७ | स्टाफ नर्स/ अस्पताल नर्सिङ निरीक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | ६ | ४ | २ | |
| १८ | हेल्थ असिस्टेन्ट/ब./स्वा.ज.नि. | पाँचौ/ छौंटौ /सातौं | नेपाल स्वास्थ्य | ५ | ३ | २ | |
| १९ | ब /फार्मेसी सुपरभाइजर/ /निरीक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| २० | ब./रेडियोग्राफर /निरिक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | ० | १ | |
| २१ | ब ./ डेण्टल हाईजिनिष्ट/निरिक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | ० | १ | |
| २२ | ब./एनेस्थेटिकसहायक/निरीक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| २३ | ब./ बायोमेडिकल टेक्निसियन/निरीक्षक | पाँचौ /छौंटौ /सातौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| २४ | सहायकस्तर पाँचौं (ना.सु,)/अधिकृतस्तर छैटौं | पाँचौ /छौंटौ | नेपाल प्रशासन | १ | १ | ० | |
| २५ | सहायकस्तर लेखा/अधिकृतस्तर | पाँचौ /छौंटौ | नेपाल प्रशासन | १ | ० | १ | |
| २६ | कम्प्यूटर अपरेटर /अधिकृत | पाँचौ /छौंटौ | नेपाल विविध | १ | ० | १ | |
| २७ | सहायकस्तर चौथो(खरिदार)/पाँचौं | चौथो/पाँचौं | नेपाल प्रशासन | १ | ० | १ | |
| २८ | ब ./ल्याव असिष्टेण्ट /निरिक्षक | चौथो/पाँचौं/ छैटौं | नेपाल स्वास्थ्य | १ | १ | ० | |
| २९ | सि. / अ. न. मी. | चौथो/पाँचौं/ छैटौं | नेपाल स्वास्थ्य | ५ | ५ | ० | |
| ३० | हलुका सवारी चालक | श्रेणी बिहिन | नेपाल इन्जिनियरिङ | १ | ० | १ | |
| ३१ | कार्यालय सहयोगी | श्रेणी बिहिन | नेपाल प्रशासन | ११ | १ | १० | |
| **जम्मा** | | | | ५९ | ३२ | २७ | २ (अध्ययन बिदा) |

# २.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको विवरण

## २.१ उपचारात्मक सेवा

- बहिरंग सेवा
- २४ सै घण्टा ईमरजेन्सी सेवा
- अन्तरंग सेवा
- सुरक्षित प्रसुति सेवा
- डट्स सेवा
- शल्यक्रिया सेवा
- सुरक्षित गर्भपतन सेवा
- SNCU सेवा
- एक्स-रे सेवा,इन्डोस्कोपी, इकोकार्डियोग्रफी, भिडियो एक्सरे र ई.सि.जि सेवा
- ल्याब सेवा
- फार्मेसी सेवा
- ए.आर.टी. सेवा
- विस्तारित स्वास्थ्य सेवा
- एकद्धार संकट व्यवस्थापन सेवा

## क.बहिरंग सेवा

प्रदेश अस्पताल, गोरखाबाट प्रदान गरिने बहिरंग सेवा शनिवार र आइतवार तथा सार्वजनिक बिदाका दिनहरु बाहेक प्रत्येक दिन बिहान ८:०० बजेदेखि साझ ५:०० बजेसम्म नियमित रुपमा साथै सार्वजनिक बिदाका दिन र उल्लेखित समय बाहेक आएका बिरामीहरुलाई विस्तारित स्वास्थ्य सेवा मार्फत ओ.पि.डी सेवा सञ्चालन गर्ने गरिन्छ, जहाँ विशेषज्ञ चिकित्सक तथा मेडिकल अधिकृतहरुले नियमित रुपमा गुणस्तरीय सेवा प्रदान गर्दै आईरहनु भएको छ। बहिरंग सेवा अन्तर्गत प्रदेश अस्पताल, गोरखाले दन्तरोग, सर्जरी, जनरल ओ.पी.डी., स्त्री तथा प्रसुती रोग, फिजियोथेरापी, मनोचिकित्सा, आँखारोग,नाक ,कान तथा घाँटि रोग,बालरोग र नसर्ने रोग सम्बन्धी सेवा प्रवाह गर्दै आएको छ।अस्पताल व्यवस्थापन समिति गोरखाको निर्णय बमोजिम यस सेवाको सेवा शुल्क रु.३० र विस्तारित स्वास्थ्य सेवाको रु. ४०० निर्धारण गरिएको छ।स्थानिय समुदायलाई अस्पतालमा उपलब्ध स्रोत तथा साधनको उचित रुपमा प्रयोग गरी भरपर्दो सेवा प्रदान गर्नुका साथै उचित परामर्श सेवा नै यस अस्पतालको मुख्य विषेशता हुन् ।




## वार्षिक सेवाग्राही चाप

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार प्रदेश अस्पताल गोरखाले गत आर्थिक वर्षको तुलनामा यस आ.व.मा बहिरंग सेवा अन्तर्गत सेवाग्राहीको संख्या उल्लेखनिय देखिन्छ, यसको मुख्य कारण यस आ.व विशेषज्ञ चिकित्सकहरुको नियमित उपस्थिति, आवश्यक साधन स्रोत साधनको उपलब्धता र गुणस्तरीय सेवा प्रवाह नै हो।


Total clints served
Number of client
120000
100000
80000
60000
40000
20000
0
95577
113507
112336
2080/81
2081/82
2082/83
Fiscal Year


Total Number Of Clients Served In Different Deparment (FY 2082/83
4655
14265
98071
OPD
Emergency
IPD


Age group wise population distribution
Female
Male
Age group
≥70
60-69
20-59
15 -19
10-14
0 - 9
(40.00)
(30.00)
(20.00)
(10.00)
0.00
10.00
20.00
30.00
Percentage

प्रदेश अस्पताल गोरखामा सेवा लिएका सेवाग्राहिहरूको उमेर तथा लैङ्गिक वितरणलाई हेर्दा २०—५९ वर्ष उमेर समूहका बिरामीहरूको संख्या सबैभन्दा बढी रहेको देखिन्छ। यस समूहमा महिला सेवाग्राहिको संख्या पुरुषको तुलनामा उल्लेख्य रूपमा बढी रहेको पाइन्छ। बालबालिका तथा किशोर उमेर समूहमा पुरुष सेवाग्राहिको संख्या केही बढी देखिए पनि किशोरावस्थाको पछिल्लो समूहमा महिला सेवाग्राहिको सहभागिता बढी रहेको छ। त्यसैगरी ६० वर्षभन्दा माथिका उमेर समूहमा पनि महिला सेवाग्राहिको संख्या पुरुषको तुलनामा बढी रहेको देखिन्छ। समग्रमा, अस्पतालमा सेवा लिन आउने सेवाग्राहिहरुमध्य वयस्क तथा उत्पादनशील उमेर समूहको बाहुल्यता रहेको छ भने बालबालिका, किशोरकिशोरी तथा ज्येष्ठ नागरिकको समेत उल्लेख्य उपस्थिति रहेको पाइन्छ।

## बहिरंग विभाग (OPD) मा देखिएका प्रमुख रोग तथा स्वास्थ्य समस्याहरू

तल देखाईएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा मुख्य रोगका बिरामी मध्ये उच्च रक्तचाप का बिरामीको संख्या सबैभन्दा बढि मात्रामा ओपिडिमा आएको देखिन्छ।




## ख.आकस्मिक सेवा

अस्पतालबाट प्रदान गरिने यो सेवामा हरेक दिन तिन सिफ्ट ड्युटि अनुसार खटाईएका स्वास्थ्यकर्मी तथा अनकलमा रहेका मेडिकल अधिकृत र विशेषज्ञ चिकित्सकहरुले प्रत्येक दिन चौबिसै घण्टा सेवा प्रदान गर्ने गर्दछन। यो सेवा प्रवाहको लागि गोरखा अस्पताल, गोरखाले ७ वटा बेडको व्यवस्था गरेको छ। यो सेवा लिनका लागि अस्पताल व्यवस्थापन समितिले प्रतिव्यक्ति रु ५० सेवा शुल्क निर्धारण गरेको छ तर नेपाल सरकारले निःशुल्क स्वास्थ्य सेवा पाउने भनि तोकिएका लक्षित वर्गहरुलाई यो सेवा निःशुल्क प्रदान गरिन्छ।






### वार्षिक सेवाग्राहिको संख्या

तल देखाईएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा आकस्मिक सेवाका जम्मा सेवाग्राहि १४२६५ जना रहेका छन। गत आ.व भन्दा यस आ.व मा सेवाग्राहीको संख्यामा वृद्धि भएको देखिन्छ। गुणस्तरीय स्वास्थ्य सेवा, जटिल किसिमका रोगको पनि यस अस्पतालमा सफलताका साथ व्यवस्थापन गर्न सकिएका कारण पनि अस्पतालमा आकस्मिक सेवा तर्फ सेवा प्राप्त गर्ने को संख्यामा वृद्धि भएको हो।




यस आर्थिक वर्षमा जटिल किसिमका रोगहरुकको पनि अस्पतालमै सेवा प्रदान गर्न सकेको हुनाले गत आर्थिक वर्षको तुलनामा अस्पतालमा विभिन्न रोगहरुको निवारणको लागि विशेषज्ञ चिकित्सकहरुको उपलब्धता भएको हुँदा यो संख्यामा वृद्धि आएको हो।

### ग. अन्तरंग सेवा

### General in-patient ward

प्रदेश अस्पताल गोरखाबाट प्रदान गरिने सेवाहरुमध्ये यो सेवा पनि पर्दछ जस अन्तर्गत जम्मा ५० बेडको व्यवस्था गरि यो सेवा सञ्चालन गरिएको छ। यो सेवा प्रदान गर्नका लागि हरेक दिन तिन सिफ्टमा नर्सिङ स्टाफलाई खटाईएको हुन्छ साथै अन्तरंग सेवामा भर्ना भएका

बिरामीलाई बिहान र साँझ अन कल ड्युटीमा रहेका चिकित्सकले जाँच गर्ने गर्दछन यसका साथै अस्पतालले भर्ना भएका  आर्थिक रुपमा बिपन्न बिरामीहरुलाई आवश्यक बिहान, साझको खाना समेत निःशुल्क रुपमा उपलब्ध गराउदै आएको छ। साथै ज्येष्ठ नागारिक र अति गरिब तथा विपन्न बिरामीको लागि ५/५ शैय्या छुट्याइएको छ। ICU र HDU सेवाको लागि ५/५ शैय्या छुट्याइएको छ।











माथि देखाईएको तथ्यांक अनुसार आर्थिक वर्ष २०८२।०८३ मा अन्तरंग सेवामा भर्ना भएका बिरामीको जम्मा संख्या ४६५५ पुगेकोछ।यसरी अस्पतालबाट प्रवाह हुने महत्वपुर्ण सेवा मध्येको एक अन्तरंग सेवामा पनि गत आर्थिक वर्ष भन्दा तुलनात्मक रुपमा सेवाग्राहीको संख्या बढेको छ यसो हुनुको प्रमुख कारण हाल अस्पताल प्रतिको आम जनसमुदायको विश्वसनीयता तथा अस्पतालले विरामीको सेवामा देखाएको तत्परता नै हो।संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य संघसंस्थाबाट प्राप्त आर्थिक लगायत प्राविधिक सहयोगका कारण अस्पतालमा दक्ष जनशक्ति र आवश्यक औजार उपकरण उपलब्धता सँगै क्रमिक रुपमा अस्पताल सुधारको अग्रगतीमा रहेको माथि उल्लेखित तथ्यांकबाट स्पष्ट हुन्छ।




माथी देखाईएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा Bed cooupancy rate र Average length of stay क्रमश ५९.०१ प्रतिशत र २.९ रहेको देखिन्छ।

## घ.सुरक्षित प्रसुति सेवा

यस अस्पतालबाट प्रदान गरिने महत्वपूर्ण सेवा मध्ये यो सेवा गर्भवती महिलाहरुलाई २४ सै घण्टा प्रदान गरिने सेवा हो। यो सेवा प्रदान गर्नका लागी अस्पतालमा स्त्रीरोग विशेषज्ञ र Skill Birth Attendant तालिम प्राप्त दक्ष स्वाथ्यकर्मीको उपलब्धता रहेको छ। सुरक्षित प्रसुति सेवा जुनसुकै समयमा निःशुल्क रुपमा तालिम प्राप्त तथा अनुभवी स्वास्थ्यकर्मीहरुद्धारा प्रदान गर्ने गरिन्छ।






## सुरक्षित प्रसुति जम्मा संख्या




माथि देखाईएको तथ्यांक अनुसार गत आ.व.को तुलनामा यस आ.व.मा सेवाग्राहीहरुको संख्या केहि कमी देखिन्छ। प्रसुती अगावै तथा प्रसुति पश्चात देखिने स्वास्थ्य समस्याहरुलाई अस्पतालमै व्यवस्थापन गर्न स्त्रीरोग विषेशज्ञको नियमित उपलब्धता र जटिल किसिमको प्रसुति पनि अस्पतालमै गराउन सकिने भएकाले नै गोरखा अस्पतालमा प्रसुती सेवा लिन आउने सेवाग्राहीको उल्लेखनीय रहेको छ। यसका साथै गोरखा जिल्लाकै प्रमुख अस्पताल भएका कारण जिल्लाको

सम्पुर्ण स्वास्थ्य केन्द्रका रिफरल सेन्टर रुपमा रहेकोले समेत सेवाग्राहिको संख्या तुलनात्मक रुपमा बढी रहेको छ।

**सुरक्षित प्रसुति संख्या (Normal Spontaneous Delivery, Vaccum Delivery and C/S Delivery)**

माथि देखाईएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा जम्मा प्रसुति सेवा लिएका सेवाग्राही संख्या ७१८ रहेकोमा,normal spontaneous delivery संख्या ३७४ रहेको छ, vacuum delivery १ रहेको छ भने जम्मा C/S delivery ३४३ रहेको छ। यस आर्थिक वर्षमा स्त्रीरोग विशेषज्ञको उपलब्धता दक्ष तालिम प्राप्त स्वास्थ्यकर्मीहरुका कारणले पनि प्रसुती सेवा लिनेको संख्या उल्लेखिय रहेको। यस अन्तर्गत पनि जटिल किसिमको प्रसुती सेवा पनि यसै अस्पतालबाट प्रदान गर्न सकिएको हो। साथै चौबिसै घण्टा एम्बुलेन्सको उपलब्धता लगायत नियमित तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका कारण पनि सेवाग्राहीको उल्लेखिय रहेको हो।

## ङ .शल्यक्रिया सेवा

प्रदेश अस्पताल, गोरखाले जटिल तथा सामान्य दुवै किसिमका शल्यक्रिया सेवा प्रदान गर्दै आईरहेको छ। C/S, Laparscopic, Appendectomy, Hernia, अर्थोपेडिक, पाठेघर सम्बन्धी शल्यक्रिया आदि सेवाहरु जटिल शल्यक्रियामा उपलब्ध छन् र मिनिल्याप, भ्यासेक्टोमी सेवा, चोटपटकमा टाका लगाउने आदि सामान्य शल्यक्रिया सेवामा उपलब्ध छन। अस्पतालले यस सेवा अन्तर्गत पुरुषमा देखिने hydrocele को निःशुल्क शल्यक्रिया हुन्छ।



Operation theater



Operation theater team

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा गरिएको जटिल र सामान्य दुवै किसिमका शल्यक्रिया सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या गत तथा विगतका आर्थिक वर्षको तुलनामा उल्लेखनीय रुपमा वृद्धी भएको पाईन्छ। विगतका वर्षमा न्यून विशेषज्ञ चिकित्सकहरुको उपलब्धताका कारण निरन्तर रुपमा शल्यक्रिया सेवा प्रदान गर्न नसकिने अवस्था थियो भने यस आ.व मा विभिन्न विषय क्षेत्रका विशेषज्ञ चिकित्सकहरुको उपलब्धता संगै नियमित रुपमा प्रदेश अस्पताल गोरखामै विभिन्न प्रकारका १६८३ शल्यक्रिया गरिएको छ। यस आर्थिक वर्षमा गरिएको जटिल र सामान्य दुवै किसिमका शल्यक्रिया सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या गत तथा विगतका आर्थिक वर्षको तुलनामा उल्लेखनीय रुपमा वृद्धी भएको छ।




**च. Directly Observed Treatment, Short-course–DOTS TB**

क्षयरोग लागेका बिरामीहरूलाई राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम (NTP) को मापदण्डअनुसार DOTS (Directly Observed Treatment, Short-course) उपचार पद्धतिमा राखेर उपचार गरिन्छ। यस उपचार पद्धति अन्तर्गत औषधि संवेदनशील क्षयरोग (Drug Sensitive TB) का बिरामीलाई पहिलो २ महिना (Intensive Phase) Isoniazid (H), Rifampicin (R), Pyrazinamide (Z) र Ethambutol (E) को निश्चित मात्रा संयोजन (Fixed Dose Combination) दिइन्छ। त्यसपछिका ४ महिना (Continuation Phase) Isoniazid (H) र Rifampicin (R) दिइन्छ। यसरी सामान्यतया जम्मा ६ महिनाको उपचार अवधि हुन्छ।

यस सेवा अन्तर्गत बिरामीको दर्ता, खकार जाँच तथा आवश्यकता अनुसार GeneXpert जाँच, उपचारको सुरुवात, नियमित औषधि सेवनको अनुगमन, उपचारको क्रममा फलोअप जाँच र उपचारको नतिजाको अभिलेख राखिन्छ। साथै बिरामी तथा परिवारका सदस्यलाई औषधि नियमित र पूर्ण अवधिसम्म सेवन गर्ने, औषधिका सामान्य नकारात्मक असर र खोक्दा वा हाच्छिउँ गर्दा अपनाउनुपर्ने सावधानीबारे परामर्श दिइन्छ। घरमा बस्ने परिवारका सदस्य तथा नजिकका सम्पर्कहरूको जाँच (Contact Tracing) पनि गरिन्छ। यस आर्थिक बर्षमा १४ जान सेवाग्रीले यस सेवा अन्तरग सेवा लिएका छन्।






## छ.फार्मेसी सेवा

प्रदेश अस्पताल गोरखामा चौबिसै  घण्टा फार्मेसी सेवा सञ्चालन भइरहेको छ।जसले स्वास्थ्य सेवा प्रणालीलाई नयाँ उचाइमा पुऱ्याएको छ। अस्पतालले निरन्तर औषधि उपलब्धता सुनिश्चित गर्न, फार्मेसीलाई चौबिसै घण्टा सञ्चालनमा राखेको छ।यो प्रणालीले गर्दा बिरामीलाई सधैं नै सुपथ मूल्यमा, गुणस्तरीय सेवा प्रदान गरिरहेको छ।यसरी चौबिसै घण्टा सञ्चालित फार्मेसी सेवाले दूरदराजका बिरामीले पनि अस्पतालभित्रै समुचित, सुलभ र सस्तो मुल्यमा औषधि पाउन सक्ने वातावरण सिर्जना गरेको छ। यसले बिरामीहरूलाई औषधिको लागि अन्यत्र निर्भर रहनुपर्ने बाध्यता हटाएको छ।


Pharmacy



Pharmacy team

## ज.सुरक्षित गर्भपतन सेवा

गोरखा अस्पतालले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रहि विगतका आ.व सम्म १२ हप्तासम्मको गर्भका लागी surgical गर्भपतन र ९ हप्ता सम्मको medical र surgical गर्भपतन सेवा प्रदान गर्दै आइरहेको छ।यो सेवा प्रवाहका लागी दक्ष तथा तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको◌े व्यवस्था गरिएको छ।

### सुरक्षित गर्भपतन सेवा पाएका सेवाग्राहिको संख्या (MA, MVA AND PAC)

तल दिईएको तथ्यांक अनुसार गत आ.व को तुलनामा यस आ.व मा सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको सेवाग्राहि संख्यामा केहि कमी भएको देखिन्छ।सुरक्षित गर्भपतन सेवा बारेमा आमजनसमुदायमा जनचेतना तथा यो सेवा प्रवाह गर्न तालीम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरुको नियमित रुपमा उपलब्धताका कारण यो सेवा लिन आउने सेवाग्राहीको संख्या उल्लेखनिय रहेको हो।




## झ.एक्स रे, ईसिजि, भिडियो एक्सरे सेवा

### ❖ एक्स रे सेवा

अस्पतालबाट प्रदान गरिने यो सेवाको दायरा विस्तार गर्ने उद्देश्यले सेवाग्राहीको अवस्थालाई मध्येनजर गरेर २४ सै घण्टा यो सेवा सञ्चालन गरिएको छ। अस्पतालमा यो सेवा प्रदान गर्नका लागि रेडियोग्राफरको व्यवस्था गरिएको छ। अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम यो सेवा लिन आउने नेपाल सरकारले तोकेका लक्षित वर्ग बाहेक अन्य सेवाग्राहीहरुले एक्सरे सेवा वापत सेवा शुल्क निर्धारण गरिएको छ। गत आ.व. मा DR X-ray मेसिन खरिद गरि सेवा सञ्चालनमा ल्याइएको छ। जसले गर्दा सेवाग्राहिलाई थप सहज हुनुका साथै सेवा थप गुणस्तरिय बन्न पुगेको छ।








माथि प्रस्तूत गरिएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा एक्स रे सेवाग्राहिमा केही संख्यामा वृद्धी भएको देखिन्छ ।कर्मचारीको व्यवस्थापन, चौबिसै घण्टा सेवा सुचारु लगायतका कारणले नै सेवाग्राहीको संख्यामा वृद्धी भएको हो।

### ❖ ई.सि.जि.सेवा

प्रदेश अस्पताल गोरखाले यो सेवा सेवाग्राहीको अवस्था तथा आकस्किताका आधारमा चौविसै घण्टा प्रदान गर्दै आईरहेको छ।अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार यो सेवा प्राप्त गर्न प्रति सेवाग्राही रु १५० सेवा शुल्क निर्धारण गरिएको छ भने नेपाल सरकार ले तोकेका लक्षित बर्गलाई यो सेवा निःशुल्क उपलब्ध गराईन्छ।

निम्नानुसार उल्लेखित तथ्यांक बमोजिम यस अस्पतालबाट प्रवाह भएको इसिजि सेवा गत तथा विगतको आर्थिक वर्ष भन्दा उल्लेख्य रुपमा वृद्धि भएको छ।ई.सि.जि सेवाको लागी आवश्यक औजार तथा उपकरणको उपलब्धता, सेवामा नियमितताका कारण यस आर्थिक वर्षका गत आ.ब. को तुलनामा ईसिजि सेवा लिने सेवाग्राहीको संख्यामा वृद्धी भएको छ।



माथि प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा ईसिजि सेवा लिने सेवाग्राहिको संख्यामा वृद्धि भएको देखिन्छ। कर्मचारी व्यवस्थापन, चौबिसै घण्टा सेवा सुचारु,लगायतका कारणले नै सेवाग्राहीको संख्यामा वृद्धि भएको हो।

- **भिडियो एक्स रे सेवा**






गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा भिडियो एक्स रे सेवा पाएका सेवाग्राहिको संख्यामा उल्लेखनीय रुपमा बृद्धि भएको माथिको तथ्यांकबाट स्पष्ट हुन्छ। यो हुनुको प्रमुख कारण रेडियोलोजिष्ट डाक्टरको उपलब्धता र सेवामा निरन्तरता नै हो।

## ञ.प्रयोगशाला सेवा

यो सेवा अस्पतालले चौबिसै घण्टा प्रदान गर्दछ। प्रदेश अस्पताल, गोरखा व्यवस्थापन समितिको निर्णयानुुसार प्रयोगशाला सेवा अन्तर्गतका विभिन्न परिक्षण वापत शुल्क निर्धारण गरिएको छ तर नेपाल सरकारले तोकेका लक्षित वर्गलाई यो सेवा निःशुल्क रुपमा प्रदान गर्ने गरिन्छ। अस्पतालबाट प्रदान गरिने निदानात्मक सेवा अन्तर्गत विभिन्न किसिमका प्रयोगशाला सेवा प्रवाह गर्ने गरिन्छ। यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Immunology, Serology, Culture, Gene Xpert Test सेवाहरु प्रदान गर्ने गरिन्छ।



Laboratory room




Laboratory team

प्रदेश अस्पताल,गोरखाबाट उपलब्ध प्रयोगशाला जाँच तथा सेवाहरु:

### 1. Hematology / Serology

- CBC (WBC, RBC, platelets, HCV, MCHC, MCH, MCV, DLC)
- ESR
- Blood Group & Rh Type
- HIV I / II
- RPR
- HAV
- ASO
- MP/MF
- Mantoux Test
- H-pylori
- Widal Test
- Sputum for AFB
- CRP
- RA Factor
- TPHA
- HBsAg
- BT/CT
- Dengue
- Scrub
- Leptospirosis
- HCV

### 2. Bio-Chemistry

- Serum Uric Acid
- S/Bilirubin total & Direct
- B. Sugar (F, PP, R)
- GTT
- GCT
- Total Protein
- Albumin
- S. Urea
- Sodium
- Potassium
- Calcium
- Creatinine
- ALP
- Amylase
- Trpomin I
- S. Cholesterol
- Triglyceride
- HDL cholesterol
- LDL Cholestrol
- VLDL
- PT/ INR
- SGoT
- SGPT
- HbA1c
- Lipase

### 3 Parasitology

- Urine Examinatiom
- Stool Examination
- Urine Pregnency Test
- Occult Blood Test

- Urine for Acetone
- H-pylori (Ag, Ab)
- Semen Analysis

## 4 Microbiology

- Culture & Sensitivity
- Gram stain
- Sputum for AFB

## 5 Immunology

- Thyroid function test (T3, FT4, TSH)
- Vitamin D
- Vitamin B12
- T.PSA
- CA125
- B-HCG
- Anti ccp
- Anti-TPO

## 6 Gene X-pert




प्रदेश अस्पताल, गोरखा मा यस आर्थिक वर्षमा प्रयोगशालाबाट प्रदान गरिने सेवामा विस्तार गरिएको र सेवाग्राही यसबाट उल्लेख्य रुपमा लाभान्वित हुँदै गइरहेका छन्।

## ट. ए.आर.टि.सेवा



ART

| SN | Indicator | 2082/083 |
|---|---|---|
| 1 | Total No Of Clients Ever Enrolled In ART | 356 |
| 2 | New HIV +ve Identified | 6 |
| 3 | Total No Of PLHIV Newly Enrolled in ART | 6 |
| 4 | Total Number of Patient on ART at the end of the year | 243 |
| 5 | Total No Of PLHIV Diagnosed of TB | 0 |

प्रदेश अस्पताल, गोरखाबाट प्रदान गरिने यो सेवा सन् २००६ देखि निरन्तर रुपमा बिदाका दिन बाहेक प्रत्येक दिन बिहान ९:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । एचआईभीसँग बाँचिरहेका व्यक्तिहरुलाई स्वास्थ्य सेवा प्रवाह गराउने उद्देश्यले परामर्श तथा उपचार कक्ष स्वरुप यो सेवा को सुरुवात गरियको हो । यस आ.ब मा ६ जना नयाँ एचआईभीसँग बाँचिरहेका व्यक्तिहरु पत्ता लागेका छन।




सुरुमा मानिसमा HIV भाईरस देखापरेपछि न्युनतम रगतको जाँचहरु र टि.बी को परिक्षण गरेपछी त्यसको आधारमा औषधी संचालन गरिन्छ । सुरुवाती अवस्थामा CD4 count र ART औषधि सेवन सुरु गरेको छ महिनामा र भाईरस शरिरमा **भाइरल लोड दबिएको (Virally Suppressed)** तथा **नगनय** अवस्थामा छ भने प्रत्येक १ वर्षमा भाईरसको लोड जाँच गर्ने गरिन्छ।

## प्रदेश अस्पताल, गोरखामा ०८२/८३ मा उपचार तथा भाइरल लोडको अवस्था




नेपालमा अहिले अनुमानित ३४ हजार ६ सय ३६ जना सेवाग्रहि मध्य प्रदेश अस्पताल, गोरखा को एआरटी सेवामा एचआईभीसँग बाँचिरहेका २४३ जना व्यक्ति नियमित रूपमा एआरटी सेवामा रहनु भयको छ। तीमध्ये २३६ जना भाइरल लोड परीक्षणका लागि योग्य रहेका थिए। योग्य व्यक्तिहरूमध्ये २१८ जनाको पछिल्लो एक वर्षभित्र भाइरल लोड परीक्षण सम्पन्न गरिएको थियो, जुन योग्य व्यक्तिको ९२.४% हो। भाइरल लोड परीक्षण गरिएका २१८ जनामध्ये २१५ जनामा भाइरल लोड दबिएको (Virally Suppressed) पाइएको थियो भने ३ जनामा भाइरल लोड दबिएको नपाइएको (Virologically Unsuppressed) अवस्था देखिएको थियो। यसअनुसार परीक्षण गरिएका व्यक्तिहरूमध्ये भाइरल लोड suppression दर ९८.६२% रहेको छ। यो उपलब्धिले एआरटी सेवामा रहेका अधिकांश सेवाग्राहीमा उपचारको प्रभावकारिता र भाइरल लोड नियन्त्रणको अवस्था उत्कृष्ट रहेको देखाउँछ।

यद्यपि, भाइरल लोड परीक्षणका लागि योग्य २३६ जनामध्ये १८ जनाको परीक्षण हुन बाँकी रहेको देखिएकाले आगामी अवधिमा समयमै भाइरल लोड परीक्षण सुनिश्चित गर्ने, परीक्षण छुटेका सेवाग्राहीको पहिचान तथा follow-up गर्ने र unsuppressed भएका ३ जनालाई थप परामर्श तथा आवश्यक clinical management प्रदान गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

## ठ.विस्तारित स्वास्थ्य सेवा (EHS)

अस्पतालमा आउने बिरामीहरुको चापलाई मध्यनजर गर्दै छिटो, छरितो र गुणस्तरीय सेवा उपलब्ध गराउन, चिकित्सक लगायत अन्य कर्मचारीहरुलाई थप प्रोत्साहन गर्न, कार्यदक्षता अभिवृद्धि को अवसर प्रदान गर्नका साथै अतिरिक्त समयमा समेत स्वास्थ्य सेवाको सहज रुपमा पहुँच बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको मापदण्ड अनुसार २०७९ फाल्गुन महिनादेखि प्रदेश अस्पताल, गोरखाले विस्तारित स्वास्थ्य सेवा सुरुवात गरेको छ।

अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार यो सेवाको लागि रु ४००। (अक्षेरुपी रु चार सय मात्र) ओ.पि.डि शुल्क कायम गरिएको छ । साथै विस्तारीत ओ.पि.डि. क्लिनिकमा नेपाल सरकारले तोकिएको लक्षित वर्ग बाहेकका कुनैपनि विरामी निःशुल्क उपचार गरिदैन।

## ड.एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)

यस अस्पतालमा लैगिंक हिंसा सँग सम्बन्धित तथा स्वास्थ्य क्षेत्रमा सामाजिक समावेशिकरण एवम् लैगिंक समानतालाई सुदृढ गर्नका लागी एकद्धार संकट व्यवस्थापन केन्द्रको वि.सं. २०७४ चैत्र १ गते स्थापना गरिएको हो। लैगिंक हिंसाबाट पिडित समूहलाई जुनसुकै अवस्थामा पनि यो सेवा प्रदान गर्ने गरिन्छ। अस्पतालले यो सेवाको लागि आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न मेडिकल अधिकृत र मनोसामाजिक परामर्शकर्ताका रुपमा एकजना स्टाफ नर्सको व्यवस्था गरेको छ। यस केन्द्रमा आएका सेवाग्राहीको स्वाथ्य जाँच अस्पतालका चिकित्सकले दिँदै आइरहनु भएको छ। यौन हिंसा, शारीरक हिंसा, मानसिक पीडा, घरेलु हिंसाबाट पिडितहरुलाई आवश्यक सहयोग प्रदान गर्नुनै यस केन्द्रको मुख्य उद्देश्य रहेको छ।





यस सेवा सँग सम्बिन्धित केहि महत्वपुर्ण तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ।

| Type of Voilence | Number of Clients | | |
|---|---|---|---|
| | FY-80/81 | FY-81/82 | FY-82/83 |
| Sexual Assault | 34 | 9 | 5 |
| Physical Assault | 9 | 6 | 10 |
| Domestic Violence | 0 | 0 | 0 |
| Other | 5 | 9 | 9 |
| **Total** | **48** | **24** | **24** |

प्रस्तुत तथ्यांकलाई विश्लेषण गर्दा यस आर्थिक वर्षमा एकद्धार संकट व्यवस्थापन केन्द्रबाट जम्मा २४ जना सेवाग्राहीले सेवा लिएका छन्।

# Summary of hospital services provided in the Fiscal Year (2082/83)

